कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
5MRQ+7C6
Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८०/०८१(कृषि विकास शाखा)
च.नं.:

## रैथाने बाली प्रवर्द्धन कार्यक्रममा प्रस्ताव माग सम्बन्धी सूचना
### प्रथम पटक सुचना प्रकाशित मिति : २०८०/०७/१२

कोहलपुर नगरपालिका, नगर कार्यपालिको कार्यालय, कृषि विकास शाखाको आ.व. २०८०/८१ मा प्रदेश सशर्त अनुदान तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार रैथाने बाली प्रवर्द्धन कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले यो सुचना प्रकाशित भएको मितिले १० दिन भित्र (मिति २०८०/०७/२१ गते सम्म) कोहलपुर नगरपालिका, कृषि विकास शाखामा तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सन्चालन कार्यविधि कोहलपुर नगरपालिका, कृषि विकास शाखामा बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि कृषि विकास शाखाको सम्पर्क नम्बर ०८१-५४१७५८ वा ९८५८०५५६९० मा सम्पर्क गर्न सकिन्छ ।

तपसिलः-

| क.सं. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्युनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| १ | रैथाने बाली प्रवर्द्धन कार्य क्रम | • बीउ,बेर्ना, विरुवा खरिद<br>• प्राङ्गारिक मल, बिषादी, शुक्ष्म तत्वहरु आदी खरिद<br>• सिंचाईसंग सम्बन्धित यन्त्र उपकरण वा पुर्वाधार निर्माण<br>• उत्पादन तथा प्रसोधन यन्त्र/ उपकरण खरिद<br>• भण्डारण वा शित भण्डारणमा लाग्ने शुल्कमा सहयोग<br>• बजारिकरण (क्रेट, बोरा, प्याकेजिङ्ग सामाग्री, उपकरण, लेवलिङ्ग लगायत) सहयोग । | कृषक/कृषक समुह/ सहकारी/ फार्म मार्फत कार्यक्रम सन्चालन हुने | - कोहलपुर नगरपालिका क्षेत्र भित्र<br>- न्युनतम १० कठ्ठा क्षेत्रफलमा रैथाने बालीको खेती गर्नु पर्ने | • बीउ बेर्ना तथा विरुवा, यन्त्र, उपकरण तथा उत्पादन सामाग्री र निजि पुर्वाधार निर्माणमा अधिकतम ५० प्रतिशत<br>• सामुहिक पुर्वाधार निर्माणमा अधिकता ७५ प्रतिशत<br><br>**प्रतिहेक्टर अधिकतम अनुदान रकम खर्च गर्न सकिनेछ**<br>बाली/वस्तु — रकम रु<br>बगर खेती,बेसार — १ लाख<br>रैथाने बाली (आलु,धान,) — १.५ लाख |

<u>संलग्न गर्नु पर्ने कागजातहरु</u>

१. प्रस्तावकको निवेदन । (अनुसुची २ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फार्म/कम्पनी/सहकारी) ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि ।

धीलराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, agro@kohalpurmun.gov.np
+९७७-०८१-५४१७५८
www.kohalpurmun.gov.np www.facebook.com/kohalpurmun www.twitter.com/kohalpurmun

कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code
5MRQ+7C6
Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८०/०८१(कृषि विकास शाखा)
च.नं.:

५. कार्यक्रम सन्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसुची-३ बमोजिम) र उक्त जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि ।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

७. समुह/सहकारीको अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

९. निर्माण गरिने पुर्वाधारको हकमा लागत अनुमान ।

१०. पुर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सन्चालन गर्नेको हकमा १५ वर्ष वा तोकिएको अवधिको करार पत्र) ।

.........................
(धोलकराज ढकाल)
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np,
agro@kohalpurmun.gov.np
+९७७-०८१-५४१७५८
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun